शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

आज मिति २०७५ साल माघ महिनाको २८ गते सोमबारका दिन बिहान ठिक ११.०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यूको अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

तपशिल :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , सदस्य (नगर कार्यपालिका )
श्री सबिता रसाईली , नगर उपप्रमुख ,सदस्य (नगर कार्यपालिका)
श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यपालिका)
श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यपालिका)
श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यपालिका)
श्री रोम बहादुर सिंह (का.व अध्यक्ष ), सदस्य (नगर कार्यपालिका)
श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यपालिका)
श्री दल बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यपालिका)
श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यपालिका)
श्री गिता महत, सदस्य (नगर कार्यपालिका)
श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यपालिका)
श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यपालिका)
श्री सानुमाया महत, सदस्य (नगर कार्यपालिका)
श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यपालिका)
श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यपालिका)
श्री भरत लामगादे, सदस्य (नगर कार्यपालिका)
श्री मोहन प्रसाद मरासिनी ,प्र.प्र.अधिकृत एवम सचिव ( नगर कार्यपालिका )

अन्य उपस्थिति : श्री नेपालहरि रानाभाट, उपसचिव, शिक्षा शाखा
श्री हिमा पोखेल, प्रशासकीय अधिकृत ( सामान्य प्रशासन शाखा )

प्रमुख

Scanned by CamScanner

निर्णय नं. १नगर कार्यपालिकाको मिति २०७४।०३।२२ गतेको निर्णय अनुसार गठन भै प्रथम नगर सभाबाट स्वीकृत विषयगत समितिहरुको संयोजक तथा सदस्यको जिम्मेवारीमा हेरफेर गरी स्वीकृतीका लागि चौथौ नगर सभामा पेश गर्ने ।

तपशिल :

१. योजना अनुगमन तथा जाँचपास समिति :
संयोजक : श्री सविता रसाईली
सदस्य : श्री खिम बहादुर कुमाल
सदस्य : श्री भरत लामगादे
सदस्य : श्री शिव कु. श्रेष्ठ
सदस्य : श्री कुल बहादुर भुजेल
सदस्य सचिव : श्री तारापति भट्टराई

२. विधेयक समिति :
संयोजक : श्री विष्णु माया ढकाल लम्साल
सदस्य : श्री लोक नारायण श्रेष्ठ
सदस्य : श्री रिता कुमारी भुजेल
सदस्यः श्री मनराज गुरुङ
सदस्य सचिव :श्री प्रशासकीय अधिकृत हिमा पोखेल

३. आर्थिक समिति :
संयोजक : श्री रामचन्द्र भण्डारी
सदस्य : श्री जगत बहादुर गुरुङ
सदस्य : श्री सानुमाया महत
सदस्य : श्री राम ब. क्षेत्री थापा
सदस्य सचिव : श्री आर्थिक विकास शाखा प्रमुख

४. सामाजिक विकास समिति
संयोजक : श्री कृष्ण बहादुर पौडेल
सदस्य : श्री रामचन्द्र भण्डारी
सदस्य : श्री दिर्घ बहादुर थापा
सदस्य : श्री दल बहादुर थापा
सदस्य : श्री रोम बहादुर सिंह
सदस्य सचिव : श्री सामाजिक विकास शाखा प्रमुख

५. पूर्वाधार विकास समिति :
संयोजक : श्री खिम बहादुर कुमाल
सदस्य : श्री मनराज गुरुङ
सदस्य : श्री भरत लामगादे

Scanned by CamScanner

सदस्य : श्री जगत बहादुर गुरुङ
सदस्य : श्री रविचन्द्र पौडेल
सदस्य : श्री गिता महत
सदस्य सचिव : श्री तारापति भट्टराई

६. विपत व्यवस्थापन र वातावरण समिति :
संयोजक : श्री राम कुमार श्रेष्ठ
सदस्य : श्री राम बहादुर श्रेत्री थापा
सदस्य : श्री दानु सापकोटा
सदस्य : श्री मनराज गुरुङ
सदस्य : श्री गिता महत
सदस्य सचिव : वातावरण शाखा प्रमुख

७. सार्वजनिक सेवा तथा विकास समिति :
संयोजक : श्री रविचन्द्र पौडेल
सदस्य : श्री सानुमाया महत
सदस्य : श्री रामचन्द्र भण्डारी
सदस्य : श्री लोकनारायण श्रेष्ठ
सदस्य सचिव : आर्थिक प्रशासन शाखा प्रमुख

निर्णय नं. २ : पूर्वाधार विकास समितिवाट राय सहित पेश भएको नीति, योजना तथा कार्यक्रमलाई आवश्यक परिमार्जन गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

1. वस्ती विकास , शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत निर्माण मापदण्ड ,२०७२ (पहिलो संशोधन ) बमोजिम घरनक्सा पास गर्न गराउँन सोही बमोजिम सुचना जारी गर्ने ।
2. घरको नक्सा बनाउने कन्सल्टेन्सीले नक्सा तयार र निर्माणको क्रममा फिल्ड निरीक्षण गरे बापत अधिकतम प्रति वर्ग फुट रु. १० का दरले हुन आउने रकम पारिश्रमिक स्वरुप लिन पाउने । भवनकोStructural Analysis गर्नुपरेमा थप प्रति वर्ग फुट रु. ५ र अधिकतम रु. १०,०००/- भन्दा बढी लिन नपाउने ।
3. घरनक्सा पासका लागि निवेदन प्राप्त भएपछि नगरपालिकाको अमिनबाट अनिवार्य रुपमा निरीक्षण गर्नु गराउनु पर्ने । यसरी अमिन खटिए बापत नगरपालिकामा बुझाउनुपर्ने राजश्व बाहेक थप अमिन खर्च जग्गाधनीले वेहोर्नु नपर्ने ।
4. नगरपालिका क्षेत्र भित्र संचालन हुने स्थानीय यातायातलाई व्यवस्थित बनाउन नगरपालिकामा सुचिकृत हुन आव्हान गर्ने । सवारी भाडादरका विषयमा व्यवस्थित र बैज्ञानिक बनाउन सम्वन्धित यातायात व्यवसायी र सरोकारवालाहरु बिच अन्तरकृया गर्ने ।
5. नियमित मर्मत सम्भार र विपद् व्यवस्थापन सम्वन्धी योजना बाहेक चालु आर्थिक बर्षको वैशाख १५ गते पछाडि योजनाहरुको सम्झौता नगर्ने र सोही मिति देखि चालु आ.व. भित्र कुनै पनि नयाँ योजना छनौटको निर्णय नगर्ने ।

Scanned by CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

6. शुक्लागण्डकी नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका सबै एफ.एम. रेडियो, पत्र पत्रिका, इन्टरनेट सेवा प्रदायक संस्था लगायत सुचना तथा संचारको क्षेत्रमा कार्य गर्ने सबै खाले पेशा व्यवसायीले अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ता तथा नविकरण गर्न सुचना जारी गर्ने ।
7. शुक्लागण्डकी नगरपालिकामा रहेका निजी, सार्वजनिक जग्गाहरु, बन क्षेत्र र खोलानालाले चर्चेको जमिनको एकिन तत्थ्याङ्क तयार पार्नका लागि नापी कार्यालयसंग समन्वय गरी पुनः नापी गर्ने प्रकृया अघि बढाउने ।
8. नगर क्षेत्रभित्रका सबै प्रकारका बाटोहरुको लगत कट्टा गरी सार्वजनिक गर्ने कार्य अघि बढाउने । यसको नेतृत्व र जिम्मेबारी सम्वन्धित वडा समिति र वडा कार्यालयले गर्ने ।
9. शुक्लागण्डकी नगरपालिका क्षेत्रभित्र रहेका सबै प्रकारका सडकहरुको यथार्थ विवरण सहितको नगर सडक यातायात गुरुयोजना (MTMP)तयार गर्ने ।
10. नगरपालिकाका ग्रामिण भेग तथा बस्तीहरु र अन्तर जिल्ला जोड्ने गरी यातायातको सहज पहुच विस्तारका लागि केही स्थानमा मोटरेवल पुल अति आवश्यक भएकोले देहायका स्थानमा मोटरेबल पुल निर्माणका लागि योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने ,

    क. क्याडदी खोला जुडी (दशगाहा) मा पुल (हरिनाश जाने बाटो) ,
    ख. तिनखोले मोटरमार्ग (वेल्बोटे) मा पुल,
    ग.सुरौदी खोलामा पुल वडा न. ९ को कार्यालय जाने बाटोमा पर्ने
    घ.शु.न.पा. १० र भिमाद न.पा.८ जोड्ने लोकदीटारमा (भिमाद नपासंग समन्वय गर्ने),
    ङ.शु.न.पा. १० र ८ (बाङगे खोला) जोड्ने पुल ,अमरशान्ति मोटरमार्गमा ,
    च.शु.न.पा.७ र स्याग्दे ५ जोड्ने पुल (स्याग्दे गा.पा.संग समन्वय गर्ने)
    छ.शु.न.पा. १ र २ जोड्ने गुवे खोलाको पुलको जिल्ला विकास समितिबाट भएको DPRको दर विश्लेषण गरि हालको दररेटमा कायम गर्ने ,
    ज. शु.न.पा ९ र पोखरा महानगरपालिका वडा नं. ३३ जोड्ने पक्की पुलको डि.पि.आर तयार गर्न पोखरा महानगरपालिकामा समन्वय गरि कार्य अघि बढाउने ।
11. शु.न.पा. ४ कसेरी स्थित श्री पंचमुनीदेव मा.वि.को स्वामित्वमा रहेको जग्गामा नगर बसपार्क निर्माण र कृषि बजार स्थापना गर्न विद्यालयसँग समन्वय गरी प्रक्रिया अघि बढाउने ।
12. प्रदेश सँगको साझेदारीमा वडा न. ८ को गाउँ फर्कोदय मा.वि. को जग्गामा खेलकुद मैदान निर्माण गर्न विद्यालयसँग समन्वय गरी कार्य अघि बढाउने ।
13. नगरपालिका कार्यालयको पुरानो गेट भत्काई नयाँ निर्माण गर्ने तथा कार्यालय परिसरमा आकर्षक फोहरा ( Water Fountain) निर्माण गर्ने ।
14. प्रदेशसँग साझेदारीमा वडा न. १२ मा तमु हिल पार्क निर्माण प्रकृया अगाडी बढाउने ।
15. अतिथि गृह निर्माण गर्न आवश्यक ठाउँ पहिचान गरी कार्य अघि बढाउने ।
16. योजनाको गुणस्तर कायम गर्न नगरपालिकामा गुणस्तर जाँच गर्ने Lab स्थापना गर्ने र सोको लागि प्राविधिक इष्टिमेट तयार गर्ने ।
17. प्राविधिकको लागि चाहिने आवश्यक सामाग्री (Total Station, Gps, cube box ,field density test apparatus)खरिद गर्न कार्यालयलाई निर्देशन दिने ।
18. कृषि तथा खेतीयोग्य जमिनमा नोक्सानी नपुग्ने गरी व्यवस्थित बसोवास र बस्ती विकासका लागि Land Poolingगर्न सम्भावित स्थान पहिचान गरी वडाअध्यक्षहरु तथा कार्यपालिका सदस्यहरुले स्थानीय जग्गाधनीहरुसँग छलफल गरी कार्य अघि बढाउने ।

Scanned by CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

19. शुक्लागण्डकी वडा नं. ५ र ८ तथा २ र ९ जोड्ने गरि सेति नदीमा सडक पुल आवश्यक भएको र ती पुल निर्माणको लागत बढी लाग्ने हुनाले सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गरी पुल बनाउन प्रदेश र संघीय सरकार सग अनुरोध गर्ने ।

20.

निर्णय नं. ३ : सामाजिक विकास समितिबाट राय सहित पेश भएको देहायको विषयमा आवश्यक परिमार्जन गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

क.शुक्लागण्डकी खेलकुद निर्देशिका, २०७५ को मस्यौदालाई संशोधन सहित स्वीकृत गरि नगर सभामा पेश गर्ने ।

ख.एन.जि.ओ सगं सार्वजनिक निजि साझेदारी कार्यक्रमबाट रु १ लाख रुपैया रकमान्तर गरि पञ्जिकरण तथा सामाजिक सुरक्षा संग सम्बन्धित तालिम कार्यक्रम संचालन गर्ने ।

ग.स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम संचालनका लागि नगरपालिका आन्तरिक श्रोतबाट देहाय बमोजिम वजेट विनियोजन गर्ने ,

- विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिविर (२ स्थानमा) रु. ५ लाख,
- स्वास्थ्य सम्वन्धी औजार, उपकरण खरिद रु. ४ लाख,
- विद्यालयका किशोरीहरुलाई शेनेटरी प्याड वितरण रु. १ लाख,
- स्वास्थ्यकर्मी (अ.न.मी, ल्याव कर्मचारी, कार्यालय सहयोगी) को नपुग तलव रु.१० लाख,

निर्णय नं. ४ : विधायन समितिबाट राय सहित पेश भएको देहायको विषयमा आवश्यक परिमार्जन गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

क. शिक्षा नियमावली ,२०७४ को परिच्छेद ५ को दफा २६ को उपदफा “क” मा रहेको वडा अध्यक्ष वा वडा समितिले तोकेको व्यक्ति विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुने भन्ने व्यवस्थामा संशोधन गरि “वडा समितिको समन्वयमा अभिभावकहरुले आफुमध्येबाट चुनेको व्यक्ति अध्यक्ष” हुने व्यवस्था कायम गर्ने ।

ख. निजी जग्गाको ढुंगा, गिटी, बालुवा ,माटो आदि उत्खनन् ,संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धि कार्यविधी , २०७५ स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

ग.नगर प्रहरी सम्बन्धी विनियमावली, २०७५ स्वीकृतिका लागि नगरसभामा पेश गर्ने,

निर्णय नं. ५ विपत् व्यवस्थापन तथा वातावरण समितिले पेश गरेको देहाय बमोजिमका नीति तथा कार्यक्रम स्वीकृतीका लागि नगरसभामा पेश गर्ने ।

- शुक्लाण्डकी नगरपालिका क्षेत्रभित्रबाट उत्सर्जन हुने फोहोरलाई पुन प्रशोधन गरी पुन प्रयोगमा ल्याउन सकिने गरी सार्वजनिक निजी साझेदारी अवधारणामा काम अगाडी बढाइने छ । साथै शुक्लागण्डकी वडा न. ५ स्थित गल्छिना भन्दा तल निर्माण भएको फोहोर मैला व्यवस्थापन केन्द्रलाई संचालनमा ल्याइनेछ ।
- नगर क्षेत्र भित्र रहेका टोल विकास सस्थाहरुलाई सरसफाई तथा वातावरणमैत्री गतिविधिमा टेवा पुऱ्याउनका लागि तालिम प्रदान गरि सक्रिय बनाईनेछ ।

प्रमुख

Scanned by CamScanner

रुक्मागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

- नगरपालिकालाई आगामी ३ वर्ष भित्र पूर्ण सरसफाई , वातावरणमैत्री नगर बनाउन विशेष अभियान अगाडि बढाईनेछ ।
- बातावरण र सरसफाईको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने टोललाई प्रत्येक वर्ष पुरस्कार र सम्मानको व्यवस्था मिलाईनेछ ।
- सार्वजनिक निजि साझेदारी मार्फत सरसफाई तथा बातावरण सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरपालिका भित्रका छाडा गाई वस्तु नियन्त्रण गर्न सुरक्षित गौशालाको व्यवस्था गरिनेछ ।
- नगरपालिकालाई प्लाष्टिक रहित नगरपालिका बनाउन प्लाष्टिक र प्लाष्टिकजन्य सामाग्री प्रयोगलाई निरुत्साहित गरिनेछ ।
- नगर क्षेत्रभित्रको फोहरमैला व्यवस्थापनमा नगरबासी सबैको सहभागीता गराउन र अपनत्व जगाउन प्रत्येक महिना सरसफाई अभियान संचालन गरिनेछ ।
- प्रत्येक वडाहरुमा एक नर्सरी स्थापना गरि विरुवा उत्पादन , वितरण , रोपन गर्ने निति लिइनेछ । साथै सार्वजनिक खाली जग्गा, पाखा क्षेत्रहरुमा वृक्षारोपण गरि हरियाली बनाईनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक शौचालय व्यवस्थापन गर्नका साथै आवश्यकता अनुसार नयाँ थप गरिनेछ ।
- विपद जोखिम क्षेत्रको नक्साङकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण गर्न आवश्यक पहल गरिनेछ ।
- विपद् संग सम्बन्धीत योजना तथा क्रियाकलापहरुको व्यवस्थापनका लागि विपद व्यवस्थापन कोषको स्थापना गरीनेछ । कोषको संचालनका लागि कार्यविधि निर्माण गरिनेछ ।
- नगरपालिकामा हुन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै वारुणयन्त्र तथा एम्बुलेन्स खरिद एव्म व्यवस्थापन गर्न सम्बन्धित सबै निकायहरुसँग आवश्यक पहल गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका ताल तलैयाहरुको पहिचान र संरक्षण गरि पर्यावरण सन्तुलन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- प्राकृतिक प्रकोप (बाढी, पहिरो , भु-क्षय, वन , वातावरण, फोहोर मैला ) न्यूनिकरण सम्वन्धित तालिम प्रदान गरिनेछ ।
- जडीबुटी गैर काष्ठ, वन पैदावर सम्बन्धि सर्वेक्षण उत्पादन, संकलन प्रवर्द्धन र बजार व्यवस्थापन गर्ने निति लिइनेछ ।
- कोत्रे बजारदेखि दोभान (तपोभुमी) सम्म सेती नदी तटवन्धन गरि भू-क्षय एव्म पर्यावरण जोगाउने नीति लिईनेछ ।
- नगरपालिका भित्र रहेका सामुदायिक वनले बार्षिक कार्ययोजना अनिवार्य रुपमा नगरपालिकामा पेश गरी स्वीकृति गराउनु पर्नेछ ।

Scanned by CamScanner

- समृद्धिको लागि वन, राष्ट्रिय वनको व्यवस्थापनका लागि प्रदेश, केन्द्र सरकारको अधिनमा रही आवश्यक निति तथा कानुनी व्यवस्था मिलाइनेछ साथै वन संरक्षण, दिगो व्यवस्थापन तथा उपभोगका लागि समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको विकास र प्रवर्द्धन गरिनेछ ।
- घर पालुवा जनावर पशु पंक्षि (कुखुरा,हाँस,कुकुर, सुँगुर,वंगुर) व्यवस्थित रुपमा राख्न नगरबासीलाई सुचित गरिनेछ ।
- नगरपालिका भित्रका सडकहरुको दाँयाबायाँ बृक्षारोपन गरी हरियाली बृद्धि गरिनेछ ।

निर्णय नं. ६संस्थागत सेवा प्रवाह, वित्तीय व्यवस्थापन र शुसासन समितिले पेश गरेको देहाय बमोजिमका नीति तथा कार्यक्रम स्वीकृतीका लागि नगरसभामा पेश गर्ने ।

- जनप्रतिनिधीहरुको क्षमता विकास एवं अनुभव आदन प्रदानको लागि अन्तर नगरपालिका भ्रमण गरी शहरी सुशासन तथा विकासको लागि आवश्यक ज्ञान रसीपको विकास गरिनेछ।
- कर्मचारीहरुलाई आवश्यक तालिम, प्रशिक्षणको माध्यामबाट मानव संशाधन विकास एवं क्षमता अभिवृद्धि गरी नागरिक प्रति सेवामुखी एवं जवाफदेही बनाउदै लगिनेछ।
- स्थानीय तहका विवादहरु स्थानीय तहमा नै समाधानका लागि बैकल्पिक व्यवस्थापनको रुपमा संचालनमा आएको मेलमिलाप पद्धतिलाई नगरपालिकाको न्यायिक समितिबाट सम्पादन हुनेकाम मा आबद्ध गरी थप प्रभावकारी बनाईनेछ। स्थानीय मेलमिलापकर्ताहरुको सुचिकृत गरिनेछ।
- स्थानीय तह गठन भएको दिन जेठ १४लाई स्थानीय दिवसको रुपमा मनाईनेछ।
- नगर कार्यपालिकाको क्रियाकलापलाई पारदर्शी, जवाफदेही र मितब्ययी बनाउन नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजिनिक परिक्षण, खर्च सार्वजनिकरण जस्ता विधी र प्रकृयालाई नियमित बनाईनेछ।
- व्यवसायक र स्थलगत रुपमा संकलन गरि बक्यौता असुली प्रकृयालाई निरन्तरता दिईनेछ। राजश्व परिचालनको क्षेत्रमा कर्मचारीहरु खटाई विशेष प्रोत्साहन कार्यक्रम ल्याईनेछ।
- राजश्व संकलन प्रकृयालाई वडा तहमा संस्थागत गर्न यसै आर्थिक वर्षभित्र सफ्टवयर मार्फत रकम लिने प्रणालीलाई सम्पूर्ण वडाहरुमा स्थापित गरी छिटो, छरितो चुस्त रुपमा सेवाप्रवाह गरिनेछ।
- सेवाग्राहिलाई सेवाप्रदान गर्नु अघि शुक्लागण्डकी नगरपालिकाको आर्थिक ऐन 2075 मा तोकिएको कर, दस्तुर र सेवा शुल्क लिएर मात्र सेवाप्रवाह गरिनेछ। सेवाप्रवाहसंग सम्बद्ध रकम नबुझाई सेवादिएमा वा छूटदिएमा उक्त रकम सेवाप्रवाह गर्ने व्याक्तिबाट सरकारी बाँकीसरह असुल उपर गरिनेछ। सो का लागी राजस्व संकलनको क्रियापलापको नियमित अनुगमन गरिनेछ।
- सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधी आदिको निर्माण गरी Chain of Command निर्माण गरिनेछ।
- सवै कर्मचारीहरुको कार्यविवरण (TOR) बनाई लागु गरिनेछ।
- हरेक वर्ष नगर कार्यपालिकाबाट करदाता, कर्मचारी, संचारकर्मी लगायतका क्षेत्र विशेषमा योगदान गर्ने व्यक्तिहरुलाई पुरस्कृत तथा सम्मान गरिनेछ।
- वार्षिक खरिद योजना तयारीलाई अनिवार्य गरिनेछ।

Scanned by CamScanner

- नगरपालिकाको गरिमामय अभियानहरु खुल्ला दिशामुक्त अभियान, पूर्णसाक्षर अभियान, पूर्ण खोपमु4क्त अभियान,वातावरण मैत्रि वडाघोषणा अभियानलाई थप प्रभावकारी र पूर्ण रुपमा नियमन गर्न अनुगमन समिति गठन गराई नियमित अनुगमन गरिनेछ।
- नगरकार्यपालिका अन्तरगतमा रहेका मर्मत संभार कोष, विपद व्यवस्थापन कोष, कर्मचारी कल्याणकारी कोषहरुको परिचालनका लागि आवश्यक कार्यविधी बनाईनेछ।
- नगर क्षेत्रभित्र संचालन हुने तालिम कार्यक्रम, अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम, अनुगमन तथा मुल्यांकन कार्यक्रम, लगायतका अन्य भत्ताहरुका लागि खर्च संचालन निर्देशिका तयार गरी एकरुपता कायम गरिनेछ।
- नगरपालिकाका राष्ट्रसेवकहरुको कार्य प्रेरणाका लागि सुपरिवेक्षकबाट नियन्त्रित हुने गरी मासिक रुपमा प्रोत्साहन स्वरुप अतिरिक्त समय समर्पण भत्ता उपलब्ध गराईनेछ।

निर्णय नं. ७ आर्थिक विकास समितिले पेश गरेको देहाय बमोजिमका नीति तथा कार्यक्रम स्वीकृतीका लागि नगरसभामा पेश गर्ने ।

क) कृषि सम्बन्धी कार्यक्रमहरु

| क.स | विवरण | संख्या | प्रति इकाई | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७५ प्रतिशत अनुदानमा प्लाष्टीक टनेल वितरण | १०० | ३,२५०। | ३,२२,५००। | |
| २ | माटो जाँच सिविर सञ्चालन | ४ | ५०,०००। | २०००००। | |
| ३ | मौरी पालन तालिम सञ्चालन | १ पटक | ६०,०००। | ६०,०००। | |
| ४ | एज मिटर खरिद | ३ वटा | २५,०००। | ७५०००। | |
| ५ | कृषि चुना वितरण | १ पटक,१०,००० किलो | ८०,०००। | ८०,०००। | |
| ६ | कृषि चुन ढुवानी | १ पटक | २०,०००। | २०,०००। | |

(ख) पशु सेवा सम्बन्धी कार्यक्रमहरु

| क.स | कार्यक्रम विवरण | ईकाई | परिमाण | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | गोठ ,खोर सुधार कार्यक्रम सहकार्य | संख्या | १५ | ३००००० | |
| २ | इलेट्रिक च्यापकटर खरिद सहकार्य | संख्या | १० | २००००० | |
| ३ | आकस्मीक औषधी उपचार सेवा | संख्या | | ५०००० | |
| ४ | स्थलगत प्राविधिक सहयोग कार्यक्रम (५ वटा भन्दा बढी माउ पशु भएका फर्महरुलाई मात्र) | संख्या | १० | ५००० | |
| ५ | जुनोटिक रोग बारे सरोकारवाला सँग अन्तरक्रिया कार्यक्रम | पटक | २ | ५०००० | |
| ६ | नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम | | | | |

Scanned by CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| | अन्तरक्रिया (कृ.ग. कर्ताहरुसँग अन्तरक्रिया) | | | | |
| ७ | पशु सेवा स्कुल प्रसारण कार्यक्रम | पटक | ३ | ९००० | |

निर्णय नं. ८ कार्यालय सहयोगी नभएका देहायबमोजिमको वडाहरुमा वडा कार्यालयले यस अघि नै राखी सकेको भए सोही मितिबाट लागु हुने गरि र नराखेको भए अव राख्ने गरी कार्यालय सहयोगीले प्राप्त गर्ने मासिक पारिश्रमिक वरावरको तलव पाउने गरि वडा नं. २,३,४,७,९ र १० मा एक एक जना कार्यालय सहयोगी डोर हाजिरीमा राख्ने ।

निर्णय नं. ९कार्यपालिकाका सदस्यहरु (वडाध्यक्षहरु बाहेक) र न्यायिक समितिको सदस्यहरुलाई मासिक १० लिटर तेल उपलब्ध गराउने ।

निर्णय नं. १०शुक्लागण्डकी नगरपालिका वडा नं. ९ लिलाचोक स्थित घुमाउने पुलको लागि आवश्यक पर्ने ढुंगा नियमानुसार लाग्ने राजश्व लिई प्रयोग गर्न स्वीकृत दिने ।

निर्णय नं. ११ देहायका स्थानको विद्युतको पोल सार्न, विद्युतीकरण लागि तार राख्न तथा नयाँ विद्युत पोल राख्न नगरपालिकाको आन्तरिक श्रोतबाट रकम उपलब्ध गराउने ।

- कुम्लेनेराथुम मोटरमार्गको विजुलीको पोल सार्ने,
- ढोरबाराही मन्दिर जाने बाटोमा कालो तार फेर्ने,
- शु.न.पा ६ चण्डिटोल पोल सार्ने,
- शु.न.पा १० विचाडी पोल सार्ने,
- शु.न.पा २ शहिदपार्क नेरको सार्वजनिक शौचालयको विद्युत व्यवस्थापन गर्ने,
- भाटडाडा जाने सुरौदी पुलमा विद्युत लाईन परिवर्तनमा प्राविधिक ईष्टिमेट अनुसारको रकम ,

निर्णय नं. १२ देहायका संस्थाको कार्यक्रमका लागि नगरपालिकाको आन्तरिक श्रोतबाट देहाय बमोजिम रकम उपलब्ध गराउने ।

- आदिवासी जनजाती गुरुङ राष्ट्रिय भेला रु. ५० हजार
- शु.न.पा ८ शहिद कृष्ण टोलले आयोजना गर्ने शहिद कृष्ण सप्ताहको लागि रु. ५० हजार ,
- विश्वहिन्दु महासंघको कार्यक्रम रु. २५ हजार
- संचारिका समूह रु. २५ हजार

नवप्रभात

निर्णय नं. १३ : फिरेफिरे युवाक्लवले संचालन गरेको खेलकुदका लागि खेलकुद शिर्षकबाट रु. २५ हजार उपलब्ध गराउने ।

निर्णय नं. १४ : देहायका योजनाको लागि नगरपालिकाको आन्तरिक श्रोतबाट देहाय बमोजिम रकम उपलब्ध गराउने ।

- शु.न.पा १० शान्तिवर्ष प्रा.वि को ढलानका लागि रु. ५ लाख,
- शु.न.पा १० र १२ को सिमानामा पर्ने भोर्ले खोलाको कल्वर्ट निर्माणमा रु. ५ लाख

Scanned by CamScanner

- शु.न.पा ११ जरेवर गोकुल प्रा.वि कम्पाउण्ड तारजाली लगाई घेर्नको लागि प्राविधिक ईष्टिमेट बमोजिमको रकम
- शु.न.पा ७ अर्चलथुम प्रा.वि कम्पाउण्डीङ तारजालि गर्न प्राविधिक ईष्टिमेटबमोजिमको रकम
- शु.न.पा २ , भुजिकोट नौलो पधेरो ट्यांकी निर्माण गर्न प्राविधिक इष्टिमेट बमोजिमको रकम
- अमरज्योति प्रा.वि कम्पाउण्ड तारजाली , शु.न.पा १
- शु.न.पा ५ वालउद्यान अधुरो कार्य पुरा , शेरा , प्राविधिक ईष्टिमेट अनुसार ,

निर्णय नं. १५ : वडा नं. ९ घारीमा शहरी स्वास्थ्य क्लिनिकको भवन निर्माण गर्न लागत अनुमान तयार गरि सिफारिस गर्ने ।

निर्णय नं. १६ शु.न.पा १२ को फिरफिरे हेल्थपोस्टको भवन निर्माका लागि प्राविधिक ईष्टिमेट तयार गरि सिफारिस गर्ने ।

निर्णय नं. १७ शु.न.पा ३ उदेनढुंगा स्वास्थ्य चौकी को पुनर्निर्माणका लागि प्राविधिक ईष्टिमेट तयार गरि सिफारिस गर्ने ।

निर्णय नं. १८ शु.न.पा १० शहरी स्वास्थ्य क्लीनिक शौचालय निर्माण र पानि गर्न प्रा.ई. अनुसार व्यवस्था गर्ने ।

निर्णय नं. १९ शु.न.पा ५ मनमोहन मोटरमार्ग नयागाउ खण्डको अधुरो कार्य पुरा गर्न प्रा.ई अनुसार ८० मिटर नाला/पिच गर्ने ।

प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner